## उच्च व्यवस्थापन तहमा नियुक्ति सम्बन्धी प्रेस विज्ञप्ती :

बैंकको नीतिगत एवं प्रक्रियागत पक्षलाई थप सुदृढ बनाई बैंकको प्रतिष्प्रर्धात्मक कार्यक्षमता अभिवृद्धि गर्नका लागि यही २०७२ वैशाख १ गतेदेखि लागू हुने गरी सम्बन्धित क्षेत्रमा लामो अनुभव प्राप्त उच्च कार्यदक्षता भएका व्यक्तिहरुलाई बैंकले उच्च व्यवस्थापन तहमा नियुक्ति गरेको छ ।

बैंकमा प्रमुख व्यापार अधिकृतमा कार्यरत श्री तारा मानन्धरको कार्यसम्पादनको उच्च मुल्याँकन गर्दै बैंकले उहाँलाई नायब कार्यकारी प्रमुख अधिकृत पदमा नियूक्ति गरेको छ । मर्जर पश्चात् बैंकको व्यापार/व्यवसाय वृद्धिको लागि रणनैतिक एवं दीर्घकालिन नीतिगत योजना बनाउनमा उहाँको मुख्य भुमिका रहँदै आएको छ । Standard Chartered Bank Nepal Limited लगायतका विभिन्न बैंक तथा वित्तीय संस्थामाहरुमा जिम्मेवार पदमा कार्य सम्पादन गरिसक्नु भएका श्री मानन्धरसँग १४ बर्ष भन्दा बढीको बैकिङ्ग अनुभव रहेको छ ।

१३ वर्ष भन्दा बढि बैंकिङ्ग अनुभव संगाल्नु भएका श्री सचिनजङ्ग रायमाझीलाई बैंकले नायब महाप्रबन्धक पदमा नियुक्ति गरेको छ । उहाँलाई प्रमुख सञ्चालन अधिकृतको जिम्मेवारी प्रदान गरिएको छ । त्रिभूवन विश्वविद्यालयबाट स्नाकोत्तरोपाधि प्राप्त गर्नुभएका रायमाझी Associate Member of Certified Practicing Accountants (CPA), Australia and Fellow Member of Association of Chartered Certified Accounts (ACCA) हुनुहुन्छ । उहाँसँग नेपाल राष्ट्र बैंकमा ७ वर्ष कार्य सम्पादन गरेको अनुभव रहेको छ भने Nepal Bangladesh Bank, Nepal Credit and Commerce Bank र Mega Bank मा पनि काम गरेको अनुभव रहेको छ । नेपालमा BASEL System लागू गराउन उहाँको उल्लेख्य योगदान रहेको थियो ।

बैकिङ्ग क्षेत्रको Information Technology मा विशेष दखल प्राप्त श्री वपिन राजभण्डारीलाई बैंकले बरिष्ठ प्रबन्धकमा नियुक्ति गरी Information Technology विभाग प्रमुखको जिम्मेवारी प्रदान गरेको छ । राजभण्डारीसँग सम्बन्धित क्षेत्रको १६ वर्षको कार्यानुभव रहेको छ । बैंकमा नियुक्ति हुनु पूर्व उहाँ NIC Asia Bank मा Information Technology विभाग प्रमुखको रुपमा कार्यरत हुनुहुन्थ्यो ।

उपरोक्त नियुक्तिले बैंकको व्यवसायिक कार्यक्षमता थप सबल र सुदृढ हुने बैंकले अपेक्षा गरेको छ ।

धन्यवाद ।

मिति २०७२/०१/०६